नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा)
जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा)
विदुर, नुवाकोट

प.स. २०७५।०७६
च.न. ९५

मिति : २०७५/०४/१५

**विषय : विद्यालय पुनर्निर्माण प्रस्ताव पेश गर्ने सूचना।**

श्री नुवाकोट जिल्ला स्थित सबै सामुदायिक विद्यालयहरु।

प्रस्तुत विषयमा केन्द्रीय आयोजना कार्यान्वयन इकाई, ज्ञानेश्वर, काठमाडौंबाट यस आ.व. २०७५।०७६ का लागि विद्यालय पुनर्निर्माण कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माणका लागि यस इकाई मार्फत कार्यान्वयन हुने गरी कार्यक्रम प्राप्त भई आएकाले हाल विद्यालयमा उपलब्ध भवन तथा कक्षाकोठा अपर्याप्त भई थप निर्माण गर्न आवश्यक भएका सामुदायिक विद्यालयहरुले विद्यालय पुनर्निर्माण कार्यविधि २०७३ अनुसार तपसिल बमोजिमका आधार तथा प्रक्रिया पुरा गरी मिति २०७५ भाद्र ७ गते कार्यालय समय भित्र जिल्ला आयोजना कार्यान्वयन इकाई,नुवाकोटबाट उपलब्ध गराइएको ढाँचामा विद्यालय पुनर्निर्माण प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

१. वि.व्य.स. को यसै आ.व. भित्रमा सम्पन्न गर्नसक्ने प्रतिवद्धता सहितको योजना माग गर्ने निर्णयको प्रतिलिपि र प्र.अ. तथा वि.व्य.स. अध्यक्षबाट हस्ताक्षर भएको विद्यालय पुनर्निर्माण प्रस्ताव पत्र।
२. सम्वन्धित गाउँपालिका/नगरपालिका को सिफारिस पत्र।
३. विद्यालय भौतिक विकास गुरुयोजना।
४. विद्यालयका हालका सबै भवन तथा शौचालय प्रष्ट देखिने फोटो।
५. प्रस्तावको फिल्ड भेरिफिकेशन गर्ने सम्वन्धित प्राविधिक कर्मचारी समेत वि.व्य.स. पदाधिकारीको सामुहिक फोटो।
६. जग्गाको जग्गाधनी प्रमाणपुर्जा को प्रतिलिपि वा भोगाधिकार प्राप्त प्रमाण साथै भवन निर्माणका लागि बाढी पहिरो को जोखिम नभएको पर्याप्त जग्गा भएको सुनिश्चितता।

(नोट :केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) को कार्यक्रम बाट वि.व्य.स. मार्फत पुनर्निमाण गर्ने गरी छनौट भई निर्माण सम्पन्न नभएका विद्यालयहरुलाई यस आ.व. को कार्यक्रममा समावेश गरिने छैन।)

श्री शिक्षा/प्रधानाध्यापक
सबै मा.वि.लाई
परिपत्र गर्ने।
२०७५/०४/२८

Scanned by CamScanner